ADDCN ई-बुलेटिन
Association of District Development Committees of Nepal
जिल्ला विकास समिति महासंघ नेपाल
Vol. 4 [Issue – 1] (जिल्ला विकास समिति महासंघ नेपालको मासिक ई-बुलेटिन) E-bulletin, 2014 June-July [2071 Ashad]

# An Interaction Program with CA members in Kathmandu




Association of District Development Committee of Nepal (ADDCN) and National Association of Village Development Committee of Nepal (NAVIN) have undertaken the responsibility of facilitation of periodic district development plan formulation in some districts namely Saptari, Dhanusha, Mahottari, Humla, Kalikot, Dolpa, Mugu, Bajhang, Bajura, Doti, Achham and Baitadi in co-ordination of Ministry of Federal Affairs and Local Development (MoFALD). The process has been led by the respective DDC and financial and technical support has been provided by UNICEF Nepal. Thinking that the Constituent Assembly (CA) members representing the respective districts should be aware about the plan formulation process in their districts and their feedback and guideline are very crucial, MOFALD, ADDCN, NAVIN and UNICEF jointly organized an interaction program with the CA members from the districts in Kathmandu on June 4, 2014. The program was chaired by the secretary of MoFALD and the chief guest of the program was Karna Bahadur Thapa, honorable minister, Ministry for Industry. Other distinguished guests in the program were chairperson of ADDCN Rishiraj Lumsali, president of MuAN, Dormani Poudel, Ram Chandra Pokherel, Krishna Prasad Sapkota, NPC secretary Somlal Subedi, and UNICEF country representative Haana Singer., joint secretaries: Dinesh Thapalia, Gopi Krishna Khanal, Reshmi Raj Pandey from MoFALD and Hem Raj Lamichhane, executive secretary general ADDCN have presented papers on various topics.

## Major issues raised by the participants:

**The ownership of PDDP and its implementation:**

Many participants expressed their views showing the concern for the ownership of the PDDP to be formulated and its effective implementation.

**Lack of people's representatives in local bodies:**

Participants raised the issue that there are not right person to formulate PDDP and implement it in the situation when there are elected representatives in the local bodies.

**The situation of children and women:**

All participants agreed that the situation of the children and women is not good. So, coming PDDP should come with the programs that can address their issues.

**Misuse of the budget allocated in the name of target group including women and children:**

**Many participants strongly raised their voice against the misuse of the budget allocated for them. Their view is that although budget is allocated for them it is not used for their direct benefit.**

# Exposure Visit in Mongolia

## Regional Workshop on "Fostering Civic Engagement in Local Governance for Better Service Delivery"

Mr. Purusottam Nepal, Under-Secretary of MoFALD and Mr. Hem Raj Lamichhane, Executive Secretary General of ADDCN participated in Regional Workshop on "Fostering Civic Engagement in Local Governance for Better Service Delivery", held on 16-21 June 2014 in Ullaanbaatar Mongolia. This program was jointly organized by Swiss Agency for Development and Cooperation (SDC) Mongolia, The Office of President of Mongolia and Local Governance Initiative and Network (LOGIN) Asia, New Delhi. The various participants from Nepal, India, Bangladesh, Bhutan and Cambodia were represented in the program. The exposure visit was under the offer of LOGIN structured learning visit program.

The program had focused the following thematic areas.




- Overview of the Mongolian decentralization reform context
- Key innovations in fiscal decentralization
- The value added of political economy
- Capacity strengthening of local self- governing bodies of Mongolia
- Civil society's efforts to improve budget transparency in Mongolia: the standard and an assessment of sub-national budget transparency
- Civil society engagement in improving mechanism of and ensuring citizen's participation in local parliament: a case of Dornod Province in Mongolia
- Civil engagement in local government in Bhutan
- Constitutional provisions and citizen led initiatives to promote civic engagement in India,
- Improving service delivery through better civic engagement in Nepal
- Civic engagement for better local governance in Bangladesh
- Civic engagement in Cambodia local government



The participants had also opportunity for field visit to Khan-Uul district, 8th Khoroo (Urban sub-district) of Ulaanbaatar city, Zuunmod district of TUV province and Altanbulag soum of TUV province to interact with governors, local authorities' council members and citizen. During the field visit and interaction with the stakeholders, the implementation of Local Development Fund and the achievement and challenges of implementation of new budget law and civic engagement in citizen chamber hall were shared and discussed.

**Inspiring factors in Mongolia**

- President's initiation to continue the democratic processes
- New budget law
- Citizen chamber hall
- Citizen monitoring
- High rate of literacy and awareness and empowerment of women
- Promotion of locally produced productions
- Openness towards NGOs and CSO and mutual partnership between government and CSOs/NGOS and private sectors
- Sincere commitment from the highest level policy makers
- High assertive local leaders and staff

**One idea to take home**

- Citizen participation in decision making and monitoring
- Putting civic engagement at the core of every development initiatives at all level
- Practice of citizen chamber hall
- Effective partnership between government and CSOs/NGOs and private sectors
- Political will on civic engagement
- Piloting citizen hall and citizen monitoring
- Sharing the idea with senior policy makers about the citizen chamber hall (Nepal)
- Allocate budget to Ward Citizen Forum (Nepal)
- Advocate the government to translate the provision on civic engagement in the national policy
- Write, blog, speak and spread in social media

**Offers from the participants**

- Long-term strategic planning (Bangladesh),
- CSOs act and regulations, Environmental policy (Bhutan)
- Fiscal decentralization and anti-corruption, Guidelines of Prime-minister's rural roads scheme, fiscal commission's report (India)

Child Friendly Local Governance (CFLG), Gender responsive budget (GRB), Local governance and accountability facility (LGAF), civic engagement in annual and periodic plan, social accountability tools, social audit and public audit tools (Nepal).

# Envisioning Workshop in Kathmandu

There was an envisioning workshop at Nagarkot of Kathmandu from 20 to 22 May organized by the secretariat of Local Governance Initiative and Network (LOGIN), a multi stakeholder net work of actors across South and East Asia to aid reform agendas that work towards greater decentralization and strengthened role of local governments through the exchange of knowledge among members on good practices, relevant experiences and lessons learnt. The objective of the program was to set the vision, mission and goal of the network through the discussion among the partners to be endorsed by the next general assembly. There were about twenty two members from network member counties- Nepal, India, Bangladesh and Pakistan. Mr Puruswottam Nepak and Kamal Gyanwali from Ministry of Federal Affairs and Local Development (MoFALD), Mr Hem Raj Lamichhane and Mr Bishnu Prasad Nepal from Association of District Development Committees of Nepal (ADDCN) and Mr Narayan Koirala and Mr Parashuram Upadhya from National



Association of Village Development Committees of Nepal (NAVIN) were the participants in the program from the side of Nepal. The three day workshop basically focused on the theory of change which dealt with problem analysis, stakeholder analysis, milestone setting and goal setting of the network.

# Interaction Program

April 15, 2014 Kathmandu

Association of District Development Committees, Nepal (ADDCN) organized an interaction program on April 15, in Kathmandu broadly covering the contemporary issues such as formulating the constitution, local self governance and the situation of local development, especially focusing on the urgent of elections for the local bodies. Ergo, the interaction program was pertaining to various issues of local governance such as the effectiveness of the LSGA, 1999, the lack of elected representatives in the local bodies, its inverse consequence in the democratic practice and development at local level, the structure of local bodies in the context of state restructuring, and the issues raised by local body associations namely ADDCN, MuAN and NAVIN at various times. The program was organized in the presence of CA members Ram Chandra Pokhrel, Bharat Bahadur Khadka, Mahin Limbu and the former CA member Krishna Prasad Sapkota. Similarly also present in the programs were former secretaries of the government of Nepal and other intellectuals and development practitioners. The special guest of the program was Manoj Basnet, UNDP representative, New York. The main objective of the program was to share the experience of temporary management of the local bodies without elected representatives and to share the international experience of local body especially regarding the structure and the function. The interaction program has left some important conclusions which are as follows:

- It is urgent to give pressure to the political parties and the government to hold local election. Otherwise, the local bodies will lack elected representatives other more five years.
- Although LSGA, 1999 is a mile stone in the process of decentralization in Nepal, unfortunately it has not been practiced fully owing to the lack of elected local bodies.



- There should be self local government with strong central government.
- It is necessary to persuade the school that believes that local body elections jeopardize the federalism.
- While restructuring the local bodies the number of VDCs and the municipalities can be increased or decreased but it is necessary to be a body with coordinating role at the district level.
- The political change without economic development can not be sustainable. Hence, it is urgent to instate the local elected representatives in the local bodies and give priority to the program for economic, educational and infrastructure development.
- Now the local bodies have been narrowed down as line agencies of central government. Local bodies should be given the authority as a local government.

As the remittance is not the appropriate way of sustainable development. Government should give high priority to the human resource development.

# Participation in South Asian Regional Workshop on Community Governance

Mr. Hem Raj Lamichhane, the executive secretary general of ADDCN and Mr Bishnu Prasad Nepal, the resource person of ADDCN took part in the South Asian Regional Workshop organized by Practical Action in Kathmandu on March 3 and 4, 2014.

The workshop was the continuation of the workshop held in Kerala in 2013 and the main objective of the workshop was to develop a document to establish a south Asian regional forum for community governance to submit to the SAARC secretariat. In the workshop inaugurated by Honorable Deputy Prime Minister and Minister for Federal Affairs and Local Development, Prakash Man Singh representatives from Sri Lanka, India, Pakistan, Bangladesh and Nepal have presented papers on various topics related to the practice of community governance in the respective countries. Among the Nepali representatives Mr Hem Raj Lamichhane presented his paper on "LGCDP and Local Government". The discussion in the workshop was carried out focusing on interrelated clusters of recommendations- structures, processes, and inclusion and future challenges.

# प्रेस विज्ञप्ती

## जिल्ला विकास समिति महासंघ नेपाल
## २०७१ जेष्ठ, २१ गते




राज्यको शासन प्रणाली र सार्वभौमसत्ताको प्रयोगमा नागरिकको अधिकाधिक सहभागिता अभिवृद्धि, लोकतन्त्रको सुदृढीकरण एवम् नेतृत्व विकास, सुशासनको प्रत्याभूति, विविधताको सम्वोधन, शासनमा पहिचान, पहुँच र समावेशी प्रतिनिधित्वको अभिवृद्धि, राज्यका सार्वजनिक सेवा र सुविधाको वितरण एवम् गुनासो व्यवस्थापनमा प्रभावकारिता, र राज्यप्रतिको अपनत्व अभिवृद्धिका लागि स्थानीय स्वायत्त शासन अपरिहार्य आवश्यकता हो ।

वि.स. २०५९ सालपछि ११ वर्ष लामो समय देखि स्थानीय निकायहरुको निर्वाचन हुन नसकेको कारण स्थानीय निकायहरु नेतृत्वविहीन भएका छन् जसले समावेशी र सहभागितामूलक लोकतान्त्रिक निर्णय प्रक्रिया अवरुद्ध हुने गई नागरिकहरु स्वशासनको अभ्यास गर्नबाट बञ्चित हुनु परेको अवस्था छ । स्थानीय निकायको निर्वाचन सम्वन्धमा अन्तरिम संविधान, २०६३ र सम्मानित सर्वोच्च अदालतको समेत निर्णय कार्यान्वयन हुन नसक्ता स्थानीय लोकतन्त्र धरापमा परेको छ । तसर्थ स्थानीय निकायका संघ तथा महासंघहरुको जोडदार माग **"स्थानीय निकायको अविलम्व निर्वाचनको तिथिमिति तोक्न सरकारलाई वाध्यकारी बनाउने"** रहेको छ ।

यसैगरी दोश्रो संविधानसभाले निर्माण गर्ने नयाँ संविधानमा स्थानीय सरकारहरुको संवैधानिक व्यवस्था गरी स्थानीय सरकारहरुलाई राजनीतिक, संवैधानिक, कानुनी, प्रशासनिक र वित्तीय अधिकारहरु सुनिश्चित गराउने वकालती र पैरवीको कार्य गर्नु स्थानीय निकायका संघ तथा महासंघहरुको अर्को महत्वपूर्ण कार्य रहेको छ ।

स्थानीय निकायका संघ तथा महासंघहरुले निम्न विषयहरु जनताको स्थानीय स्वायत्त शासनको चाहना र सुदृढ लोकतान्त्रिक मान्यताको संवैधानिक रुपमा प्रत्याभूत गर्नका लागि माग गर्दै आएका छौं :

- संविधानको प्रस्तावनामा नै स्थानीय स्वायत्त शासनलाई मान्यता दिने
- नेपाल राज्य स्थानीय सरकार सहितको संघीय इकाइको रुपमा रहने ।
- स्थानीयस्तर देखि नै जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकूल वातावरण बनाउने कुराको उल्लेख,
- नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश, स्थानीय तहले संविधानमा उल्लेख गरिए वमोजिम गर्ने व्यवस्था,
- मौलिक अधिकारको रुपमा आवधिक रुपमा निर्वाचित स्थानीय सरकारको प्रत्याभूतिको व्यवस्था गर्ने
- राज्यका नीतिमा स्थानीय स्वायत्त शासनसम्बन्धी नीतिको उल्लेख गर्ने ।

**सहशासन**

- राष्ट्रिय सभाको गठन स्थानीय सरकार प्रमुखहरूको निर्णायक मण्डलबाट समेत गर्ने
- वित्तीय आयोगको गठनमा संघ, प्रदेश र स्थानीय सरकारको प्रतिनिधित्व र सहभागितामा गर्ने
- स्थानीय सरकारका हकमा प्रतिनिधिमुलक संघमहासंघहरुको प्रतिनिधित्व रहने व्यवस्था गर्ने ।
- स्थानीय सरकारसम्बन्धी विषयमा संविधान संशोधन गर्दा, सन्धि सम्झौता गर्दा, कुनै ठूला निर्णय गर्दा स्थानीय सरकारका प्रतिनिधिमूलक संघ तथा महासंघहरुसँग परामर्श, सहमतिको व्यवस्था गर्ने
- संविधानका अपरिवर्तनीय मान्यताका रुपमा स्थानीय स्वायत्त शासनको व्यवस्था गर्ने ।

**स्थानीय सरकारको संरचना**

- राजनीतिक इकाइका रुपमा वडाको व्यवस्था गर्ने
- स्थानीय सरकारको रुपमा गाँउ, नगर र जिल्लाको व्यवस्था गर्ने
- राजधानी मेट्रोसिटीको व्यवस्था गर्ने
- विशेष संरचना आवश्यक नहुने

**स्थानीय सरकारको अधिकारक्षेत्रको व्यवस्था**

- वित्तीय अधिकारक्षेत्र
- विधायिकी अधिकारक्षेत्र
- न्यायिक अधिकारक्षेत्र
- राजनीतिक अधिकारक्षेत्र
- प्रशासनीक अधिकारक्षेत्रः स्थानीय सेवाको व्यवस्था
- सांस्कृतिक अधिकारक्षेत्र

- निर्वाचन क्षेत्र विकास कार्यक्रममा रकम वृद्धि गरी स्थानीय निकायमा विनियोजन गरिने रकम नबढाई घटाउने र निर्वाचन नगर्ने षड्यन्त्रको रुपमा बुझ्दै विरोध व्यक्त गर्ने निर्णय गरियो ।
- यथाशीघ्र निर्वाचनको तिथिमिति घोषणा गर्न नेपाल सरकार र राजनीतिक दलहरुलाई जोडदार माग गर्ने र नगरिए आन्दोलनका कार्यक्रम घोषणा गरी अघि बढ्ने निर्णय गरियो ।
- हालै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय तहमा तोकआदेशको भरमा रकमान्तर गर्ने कार्य स्थानीइ स्वशासन र विकेन्द्रीकरणको मर्म विपरित भएकोले सो कार्यको घोर विरोध गर्ने निर्णय गरियो ।

............................

ऋषिराज लुम्साली<br>
अध्यक्ष<br>
जिविस महासंघ नेपाल

*नोटः २०७१ जेष्ठ, २१ गते महासंघद्वारा आयोजित प्रेस सम्मेलनमा वितरित*

# आवधिक जिल्ला विकास योजना सम्बन्धी विभिन्न क्रियाकलापहरु सम्पन्न

## सप्तरीमा लक्षित समूहहरुसंगको परामर्श गोष्ठी सम्पन्न

सप्तरी जिल्लाको लागि बन्न गइरहेको आवधिक जिल्ला विकास योजनामा जिल्लाका लक्षित समूहहरुको सवालहरु पनि समावेश गर्ने उद्देस्यले असार १२ र १३ गते राजविराजमा महिलाहरु, दलित समुदाय र अपाङ्गता भएका व्यक्तिहरुसँगको छुट्टाछुट्टै परामर्श गोष्ठीको आयोजना गरियो । जिल्ला विकास समिति सप्तरीको आयोजना र युनिसेफ नेपालको आर्थिक सहयोगमा सञ्चालित उक्त गोष्ठीहरुको सहजीकरणको काम जिल्लाको आवधिक योजना निर्माणमा सहजीकरणको भूमिका निर्वाह गरिरहेको जिल्ला विकास समिति महासँघले गरेको थियो । जिल्ला स्तरमा आयोजना गरिएको ती गोष्ठीहरुमा सम्बन्धित समूहहरुको जिल्ला स्तरका प्रतिनिधिको साथै गाउँ र नगरस्तरको पनि प्रतिनिधित्व रहेको थियो ।

हरेक गोष्ठी सञ्चालनको ढाँचा एकै प्रकारको रहेको थियो । गोष्ठीको शुरुमा कार्यक्रमको उद्देस्य माथि प्रकाश पार्ने काम भएको थियो र



आवधिक जिल्ला विकास योजना बारेमा सामान्य जानकारी दिने काम गरिएको थियो । त्यस पछि सहभागिहरुबाट उनीहरुका समस्याहरु व्यक्तिगत तवरबाट र सामूहिक तवरबाट लिने काम भएको थियो । समूहबाट पहिचान गरिएका सवालहरुले उनीहरुबाटनै पूर्ण सभामा पेस गरी पृष्ठपोषण लिने काम समेत भएको थियो । कार्यक्रममा जिल्ला विकास समितिका स्थानीय विकास अधिकारीले सहभागीहरुले उठाएका सवालहरुलाई आवधिक जिल्ला विकास योजनामा समावेश गरी सम्बोधन गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

आवधिक जिल्ला विकास योजना तर्जुमाको सिलसिलामा सप्तरी जिल्लाको जिल्ला पार्श्वचित्रको अनुमोदन यहि असार १५ र १६ मा सम्पन्न भयो । जिल्ला पार्श्वचित्र अनुमोदन गोष्ठीमा जिल्लाको विकासको प्रमुख सरोकारवालाहरुको उपस्थिति रहेको थियो । सोहि गोष्ठीमा जिल्लाको विकासको सम्भावना, अवसर र चुनौतीहरुको पनि विश्लेषण गर्ने कार्य सम्पन्न भएको छ ।

## हुम्लामा आजिवियो तर्जुमाको सन्दर्भमा उप जिल्ला स्तरीय परामर्श गोष्ठीको आयोजना

हुम्ला जिल्लाको आवधिक जिल्ला विकास योजना तर्जुमाको सन्दर्भमा यहि असार ३ गते हुम्ला जिल्ला विकास समितिको सभाकक्षमा एक परामर्श गोष्ठीको आयोजना गरियो । हुम्ला जिल्लाका प्रमुख जिल्ला अधिकारी शंकरहरिको प्रमुख आतिथ्यता र जिल्ला विकास समिति हुम्लाको सभापतित्वमा सञ्चालित उक्त गोष्ठीमा सिमकोट लगायत १३ वटा गाविसका गाविस सचिवहरु, शिक्षक प्रतिनिधिहरु, वडा नागरिक मञ्चका प्रतिनिधिहरु र नागरिक सचेतना केन्द्रका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । उद्घाटन सत्र र प्रावधिक सत्रमा विभाजन गरि सो कार्यक्रम सञ्चालन गरिएको थियो । उद्घाटन सत्रको संयोजन जिविस हुम्लाका श्री मोहन शाहीले गर्नु भएको थियो भने प्राविधिक सत्रको सहजीकरण युनिसेफ नेपालका शंकर प्रसाद पौडेल र जिविस महासंघका सहजकर्ता श्री विष्णुप्रसाद नेपालले गर्नु भएको थियो । प्राविधिक सत्रको पहिलो चरणमा आवधिक जिल्ला विकास योजनाका तर्जुमा प्रक्रिया र यसले समेट्नु पर्ने क्षेत्र आदिको बारेमा सहभागीहरुलाई सामान्य जानकारी गराइएको थियो भने दोस्रो चरणमा सहभागीहरुलाई आर्थिक, सामाजिक, भौतिक पूर्वाधार र वन तथा वातावरण समूहहरुमा विभाजन गरिएको स्थानीय स्तरका सवालहरु संकलन गर्न लगाइएको थियो । यसरी संकलित सवालहरुलाई पूर्ण सभामा प्रस्तुत गर्नलगाई सबै सहभागीहरुबाट सझाव संकलन गरिएको थियो ।

## रौतहटमा आजिवियो पुनरावलोकन सम्बन्धमा सरोकारवालाहरुसंगको परामर्श गोष्ठी आयोजना

रौतहट जिल्लाको मौजुदा आवधिक जिल्ला विकास योजनाको पुनरावलोकनको शिलशिलामा यहि जेठ २५ गते जिल्लाको विकाससँग प्रत्यक्ष सरोकार राख्ने सरोकारवालाहरुसँगको परामर्श गोष्ठी सम्पन्न गरिएको छ । जिल्लाका विषयगत कार्यालयका प्रतिनिधिहरु, राजनैतिक दलका प्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधिहरु, पत्रकारहरु, बालबालिकाहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु उक्त कार्यक्रममा सकृय सहभागिता रहेको थियो । जिल्लाको आवधिक जिल्ला विकास योजना पुनरावलोकन गर्दा फेला परेका मुख्य मुख्य विषयवस्तुहरु जिल्लाको प्रमुख सरोकारवालाहरु समक्ष प्रस्तुत गर्ने र पुनरावलोकनका सन्दर्भमा आवश्यक पृष्ठ पोषण प्राप्त गर्ने उद्देस्यले उक्त परामर्श गोष्ठी आयोजना गरिएको थियो । सो कार्यक्रममा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका चक्रपाणी शर्माले आवधिक जिल्ला विकास योजनाको महत्व, यसमा समावेश गरिनुपर्ने बालबालिका, महिला र विपद् जोखिम न्युनीकरण सम्बन्धी सवालहरुका बारेमा प्रस्तुतीकरण गर्नु भएको थियो भने जिविस महासंघका हेमराज लामिछानेले मौजुदा आवधिक जिल्ला विकास योजना दस्तावेजको पुनरावलोकन सम्बन्धी प्रस्तुती गर्नु भएको थियो । उक्त प्रस्तुतीकरणमा मौजुदा आजिवियो पुनारालोकनको औचित्य, पुनरावलोकनको विधि, बालमैत्री स्थानीय शासनको दृष्टिकोणबाट अध्ययन गर्दा फेला परेका विषयवस्तहरु आदि समेटिएका थिए ।



साथै आजिवियो पुनरावलोकनकै सन्दर्भमा मिति २०७१ जेठ २४ गते आयोजना गरिएको बालभेलामा उठेका बालाबालिका सम्बन्धी सवालहरु बालबालिकहरुले प्रस्तुत गरेका थिए । उक्त कार्यक्रममा युनिसेफ नेपालका तर्फबाट सुनिल शाक्यले विपद्, यसका कारणहरु, यसको नियन्त्रणका लागि गरिनु उपायहरुको बारेमा जानकारी प्रस्तुत गर्नुका साथै यस जिल्लको विपद् जोखिम न्यूनीकरण व्यस्थापन योजना निर्माण हुन गइरहेको जानकारी दिनु भयो । जिविस रौतहटको आयोजना र युनिसेफ नेपालको सहयोगमा सञ्चालन भएको उक्त परामर्श गोष्ठीको सहजीकरण जिल्ला विकास समिति महासंघले गरेको थियो । राजनैतिक दलका प्रतिनिधिहरु, पत्रकारहरु, बालबालिकाहरु र नागरिक समाजका अगुवाहरुले आजिवियो पुनरावलोकन गर्दा समावेश गर्नुपर्ने विषय वस्तुहरुको बारेमा विभिन्न सुझावहरु दिएका थिए ।

# लक्षित समूह विकास कार्यक्रम सम्बन्धी अभिमुखीकरण कार्यक्रम

सम्बन्धित जिल्ला विकास समिति, जिविस महासंघ नेपाल र युनिसेफ नेपालको संयुक्त आयोजनामा युनिसेफ नेपालले लक्षित गरी कार्यक्रम सञ्चालन गरेका जिल्लाहरु (सप्तरी, धनुषा, महोत्तरी, रौतहट, पर्सा, अछाम, डोटी, बझाङ्ग, बाजुरा, बैतडी, जुम्ला, हुम्ला, कालीकोट, मगु र डोल्पा) गरी जम्मा १५ जिल्लाहरुमा **"स्थानीय निकाय अनुदान सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०६९"** मा भएका प्रावधानहरु र विशेष गरी लक्षित समूह विकास कार्यक्रम सम्बन्धी प्रावधानहरुको प्रभावकारी कार्यन्यनका लागि स्थानीय निकायका कर्मचारीहरुको लागि एक दिवसीय अभिमुखीकरण जिविस महासंघ नेपालले सञ्चालन गर्दै आएको छ। हाल सम्म धनुषा, महोत्तरी, सप्तरी, अछाम, बाजुरा, कालिकोट र डोटी गरी जम्मा ७ जिल्लामा उक्त कार्यक्रमहरु सम्पन्न भइसकेका छन्।

यहि बैशाख २६ गते धनुषामा, बैशाख २९ गते महोत्तरी, जेठ ४ गते सप्तरी, जेठ ५ गते अछाम, जेठ ६ गते कालिकोट र जेठ ११ गते डोटीमा र जेठ १३ गते बाजुरामा उक्त कार्यक्रम सम्पन्न भइसकेको छ। अभिमुखीकरण कार्यक्रममा उक्त कार्यविधिमा भएका मुख्य मुख्य प्रावधानहरु र लक्षित विकास समूह सम्बन्धी प्रावधानहरुको बारेमा स्पष्ट पार्ने, लक्षित कार्यक्रम कार्यन्यनमा देखिएका चुनौतीहरुको बारेमा छलफल गर्ने, उनीहरुले गरेका राम्रा अभ्यासहरु साटासाट गर्ने र सहभागीहरुबाट सुझाव संकलन गर्ने काम गरिएको थियो। कार्यक्रममा सम्बन्धित जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी लगायत योजना अनुगमन तथा प्रशासकीय अधिकृत, लेखा अधिकृत, सामाजिका विकास अधिकृत र छनौट गरिएका केही (करिव २५) जना गाविस सचिवहरुको सहभागिता रहेको थियो।

# रौतहटमा बालभेला सम्पन्न






रौतहट जिल्लाको मौजुदा आवधिक जिल्ला विकास योजनाको पुनरावलोकनको सन्दर्भमा यहि जेठ २४ गते रौतहट जिल्लामा जिल्ला स्तरीय बालभेला सम्पन्न गरिएको छ। जिल्लाको विभिन्न बालक्लबबाट प्रतिनिधित्व गरेका ५५ जना बालक तथा बालिकाहरुको सहभागितामा सो बालभेला सम्पन्न भएको थियो। रौतहट जिल्लाको आवधिक जिल्ला विकास योजना पुनरावलोकन गर्दा बालबालिकाका सवालहरुलाई पनि समेट्ने उद्देस्यले उक्त बाल भेलाको आयोजना गरिएको थियो। बाल भेलामा बाल बालिकालाई योजना र योजना तर्जुमा सम्बन्धमा सामान्य जानकारी दिनुको साथै जोखिम नक्साङ्कन, भिजनिङ आदि औजारहरु प्रयोग गरी उनीहरुका सवालहरु पहिचान गर्ने र संकलन गर्ने काम गरियो। जिविस रौतहटको आयोजना र युनिसेफ नेपालको सहयोगमा सञ्चालन भएको उक्त एक दिने बाल भेलाको सहजीकरणको काम जिल्ला विकास समिति महासंघले गरेका थियो। उक्त भेलामा उठेका मख्य सवालहरुमा बाल बालिकाहरुलाई खेलकुद सामाग्रीको अभाव रहेको, वातावरण फोहोर भएको, विद्यालयमा शिक्षकहरुले राम्रोसँग नपढाएको, छोरा र छोरी विच भेदभाव भएको, कैयौं बालबालिकाहरु विद्यालय जान नपाएको आदि थिए।




## टेलिभिजन कार्यक्रम स्थानीय सरोकार

स्थानीय निकायका संघ/महासंघहरु जिल्ला विकास समिति महासंघ नेपाल, गाउँ विकास समिति राष्ट्रिय महासंघ र नेपाल नगरपालिका संघ तथा जिल्ला विकास समिति काठमाडौं, ललितपुर र भक्तपुरको संयुक्त कार्यक्रमका रुपमा नेपाल टेलिभिजनमा प्रत्येक हप्ताको बुधबार साँझ ५:३० देखि ५:५५ बजेसम्म र पुनः प्रशारण बुधबार राती ११:३० देखि ११:५५ बजेसम्म हाल टेलिभिजन कार्यक्रम **स्थानीय सरोकार** संचालन भैरहेको छ।

सो टेलिभिजन कार्यक्रम हेरेर त्यसलाई अझबढि स्तरिय र प्रभावकारी बनाउन के/कस्ता सुधार गर्न सकिन्छ, सुझाव दिनुहुन सबैमा अनुरोध गरिन्छ।

***सम्पर्कका लागि***
*संचार विकास तथा अनुसन्धान केन्द्र नेपाल*
*शिव रेग्मी, ९७५१००७७२२, ९८४१४२४६६०*
*ईमेल : mdrc100@gmail.com, shivaregmi@gmail.com*

***सम्पादन :*** *हेमराज लामिछाने,* ***सम्पादन सहयोगी :*** *विष्णु प्रसाद नेपाल,* ***सामग्री संकलन तथा लेआउट :*** *दिनेश श्रेष्ठ*
जिल्ला विकास समिति महासंघ नेपाल Association of District Development Committees of Nepal (ADDCN)
☎: 977-15554081, 5529202 **Fax #** 977-1-5548469 Sanepa Mode, Lalitpur, **P.O.Box #** 12022, Kathmandu
**E-mail :** addcn@addcn.org.np **URL:** www.addcn.org.np